## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

### खण्ड ७, संख्याः ३, असार ३१ गते, २०८० साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका विज्ञापन (नियमित गर्ने) ऐन, २०८०

सभाबाट पारित मितिः २०८०।३।२५

**प्रस्तावना** : व्यास नगरपालिकाले आफ्नो क्षेत्रमा कुनै बस्तु वा सेवा तथा अन्य कुराको विज्ञापन प्रचारप्रसार आदिका लागि राख्न दिने विज्ञापन बोर्ड तथा सामग्रीमा कर लगाई असूल उपर गर्न, नगरपालिका क्षेत्रमा राखिने विभिन्न आकार, प्रकार र बनौटका विज्ञापन बोर्डहरु तथा प्रचारप्रसारका सामग्रीहरुको नियमन र व्यवस्थापन गरी करको दायरामा ल्याउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) र विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी नगर सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "व्यास नगरपालिका विज्ञापन (नियमित गर्ने) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले व्यास नगरपालिका विज्ञापन कर (नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "शाखा" भन्नाले व्यास नगरपालिकाको राजश्व शाखा सम्झनु पर्छ ।

(घ) "विज्ञापन" भन्नाले नगरपालिका क्षेत्रमा राखिने होर्डिङ्ग बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, विद्युत तथा सोलार बत्तीको खम्बामा प्रयोग गरिएको प्रचार सामग्री लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने बस्तु वा सामग्री सम्झनु पर्छ । सो शब्दले तोकिएको ठाउँमा राख्न, टाँस्न वा प्रदर्शन गर्न सकिने व्यानर, स्टिकर तथा मोवाइल प्रचार सामग्री समेतलाई बुझाउँछ ।

(ङ) "बोर्ड" भन्नाले विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिएको धातुको पाता वा विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिने अन्य कुनै किसिमको बोर्ड सम्झनु पर्छ । सो शब्दले विज्ञापन सामग्री राख्ने प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको धातुको फ्रेम तथा स्क्रिन बोर्ड समेत सम्झनु पर्छ ।

(च) "साइन बोर्ड" भन्नाले संघ, संस्था, व्यक्ति वा फर्ममा परिचय गराउने उद्देश्यले उक्त संघ, संस्था, फर्मको कार्यालय अघिल्तिर राखिएको नाम वा संकेत उल्लेख गरिएको बोर्ड सम्झनु पर्छ ।

(छ) "नियोन बोर्ड" भन्नाले विद्युतीय तरङ्गको माध्यमबाट सञ्चालित विज्ञापन बोर्ड सम्झनु पर्छ ।

(ज) "ग्लो बोर्ड" भन्नाले संघ संस्था वा व्यवसायिक फर्मको परिचय गराउने वा उक्त व्यवसायिक फर्मको उत्पादनको प्रचार गर्ने उद्देश्यले तयार पारिएको बोर्ड सम्झनु पर्छ ।

(झ) "स्टल" भन्नाले उत्पादन वा निजको व्यवसायिक प्रतिनिधिले प्रचारको लागि निश्चित समय तोकि सडक, चोक वा सार्वजनिक खुला स्थानमा टेबुल वा गाडी वा मञ्च (स्टेज) मा बस्तुहरु तथा प्रचार सामग्रीहरु सजाएर राखिएको सानो नमूना पसल सम्झनु पर्छ । यो शब्दले विभिन्न मेला वा प्रदर्शनीमा राखिएको स्टलहरुलाई समेत जनाउँछ ।

(ञ) "होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन वा प्रचार सामग्री लेख्ने, टाँस्ने, अड्याउने, राख्ने, लगाउने उद्देश्यले सडक वा चोकबाट सजिलै अवलोकन गर्न सकिने गरी धातुको फ्रेममा जडान गरिएको बोर्ड सम्झनु पर्छ । सो शब्दले प्रचार सामग्री लगाउने उद्देश्यले बनाइएको धातुको फ्रेम तथा कुनै अग्लो संरचनामा झुण्ड्याइएको होर्डिङ्ग बोर्ड समेतलाई बुझाउँछ ।

(ट) "ट्राई भिजन बोर्ड" भन्नाले बस्तु वा सेवाको प्रचार गर्ने उद्देश्यले एउटै संरचनाबाट तीन भिन्न किसिम र तरिकाले विज्ञापन बस्तु अवलोकन गर्न सकिने गरी अग्लो धातुको फ्रेममा अड्याएर राखिएको विद्युतीय विज्ञापन बोर्ड सभ्झनु पर्छ ।

(ठ) "स्क्रोलर बोर्ड" भन्नाले उत्पादनको प्रचारप्रसार गर्ने सम्झनु पर्छ ।

(ड) "चलचित्र बोर्ड" भन्नाले उत्पादनको प्रचारप्रसार गर्ने उद्देश्यले निजी भवन वा जग्गामा प्रदर्शनीको लागि राखिने चलचित्र स्क्रिन बोर्ड सम्झनु पर्छ ।

(ढ) "व्यानर" भन्नाले कपडामा लेखिएको वा प्रिन्ट गरिएको कुनै पनि किसिमको सन्देश सहितको विज्ञापन सामग्री सम्झनु पर्छ । सो शब्दले कपडामा कुनै बस्तु टाँसी झुण्ड्याइएको सामग्री समेतलाई सम्झनु पर्छ ।

(ण) "विज्ञापन बस्तुको स्वामित्व भएको व्यक्ति" भन्नाले वस्तु वा सेवाको उत्पादक वा विज्ञापन एजेन्ट वा होडिङ्ग बोर्डको निर्माणकर्ता वा माथि उल्लेखित एक वा एकभन्दा बढी वा सबैलाई जनाउँछ । सो शब्दले माथि उल्लेखित व्यक्ति सम्पर्क हुन नसकेको अवस्थामा विज्ञापन सामग्री वा बोर्ड राखिएको सम्बन्धित घरजग्गा धनी समेतलाई सम्झनु पर्छ ।

(त) “गैर मुनाफामूलक संस्था” भन्नाले नाफा कमाउने उद्देश्य नभई सामाजिक तथा सेवामुखी क्रियाकलापहरु सञ्चालन गर्ने र आन्तरिक राजश्व कार्यालयले कर नलाग्ने भनी तोकिदिएको संघ, संस्थालाई मात्र सम्झनु पर्छ ।

(थ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(द) “कार्यपालिका” भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## विज्ञापन बोर्ड तथा सामग्री राख्ने स्थान र दर्ता सम्बन्धी

**३. विज्ञापन गर्न सकिने स्थानहरु :** (१) नगरपालिकाको क्षेत्र भित्रका निम्न स्थानहरुमा विज्ञापन बोर्ड तथा प्रचार सामग्री राख्न कार्यालयले अनुमति दिन सक्नेछ :

(क) आफ्नो परिचय गराउने उद्देश्यले संघ, संस्था, फर्म, कम्पनी, उद्योगको कार्यालयको अघिल्तिर ।

(ख) व्यक्तिको निजी स्वामित्व भएको घर, कम्पाउण्ड, खाली जग्गामा ।

(ग) सरकारी निकायहरु, संस्थानहरु एवं गैर नाफामूलक संघ संस्थाहरुको निजी स्वामित्व भएको घर तथा जग्गामा ।

(घ) नगरपालिकाको स्वामित्व र भोगाधिकार भएको घर जग्गामा ।

(ङ) सडकको दाँयाबाँया किनारा, पोल, सार्वजनिक स्थल र पार्कहरु । तर माथि खण्डमा उल्लेखित स्थानहरुमा नगर सौन्दर्यीकरण र ट्राफिक व्यवस्थापनलाई नकरात्मक असर नपर्ने गरी विज्ञापन बोर्ड र सामग्री राख्न नगरपालिकाले अनुमति दिन सक्नेछ ।

(२) व्यास नगरपालिका क्षेत्रभित्रका स्थानहरुमा परिचय पाटी बाहेक अन्य कुनैपनि विज्ञापन बोर्ड तथा सामग्री राख्न पाइने छैन ।

(क) विश्व सम्पदा क्षेत्रको वरिपरी १०० मिटरको दुरीसम्म ।

(ख) पुरातात्विक तथा ऐतिहासिक महत्वका साँस्कृतिक स्थलहरुमा ।

(ग) नगरपालिकाले समय समयमा तोकेको अन्य स्थानहरुमा ।

(३) यस ऐन लागू हुनु अघि माथि उपदफामा उल्लेखित स्थानमा विज्ञापन बोर्ड तथा सामग्री राखेको भएमा त्यस्तो विज्ञापन बोर्ड तथा सामग्रीहरु २ महिना भित्र हटाउन नगरपालिकाले आदेश दिन सक्नेछ । विज्ञापन कर तिरेका यस किसिमका बोर्ड तथा विज्ञापन बस्तुहरु नगरपालिकाले तोकिदिएको अन्य विज्ञापन गर्न मिल्ने स्थानमा स्थानान्तरण गरेमा उक्त विज्ञापन बोर्ड पुनः दर्ता गरिरहनु नपर्ने र स्थानान्तरण वापतको दस्तुर पनि लाग्ने छैन ।

(४) नगरपालिका क्षेत्रमा रहेका विद्युतीय तथा अन्य किसिमका पोलहरुमा विज्ञापन बोर्डहरु राख्न अनुमति दिएको अवस्थामा बाहेक सडक किनारामा राखिएका पोलहरुमा विज्ञापन बोर्ड तथा सामग्री राख्न पाइने छैन । तर सडक किनारामा रहेको पोलमा यस ऐन बमोजिम राख्न दिने पोल व्यानरको हकमा यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले कुनै स्थानमा वा कुनै वस्तु वा सेवाको कुनै तरिकाले विज्ञापन गर्न निषेध गर्न सक्नेछ ।

**४. विज्ञापनको आकार, प्रकार र बनौट :**

(क) प्रचारप्रसारको उद्देश्यले राखिने विज्ञापन बोर्ड वा सामग्रीको आकार, प्रकार र बनौट अनुसूची १ मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ । तर यस ऐनको अनुसूची १ उल्लेख गरिएभन्दा भिन्न प्रकृतिको विज्ञापन बोर्ड तथा सामग्री राख्न अनुमति माग भएमा सो विज्ञापन राख्न दिने नदिने सम्बन्धमा कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(ख) यो ऐन लागू हुनु अघि राखिएका बोर्ड तथा सामग्रीहरु अनुसूची १ मा उल्लेखित मापदण्डभन्दा फरक किसिमको भएमा उक्त बोर्डहरुलाई मापदण्ड बमोजिम कायम गर्न ३ महिनाको अवधि दिई सूचना जारी गर्नेछ । सो समयावधि भित्र यस ऐन बमोजिम विज्ञापन बोर्डको मापदण्ड अनुरूप हुने गरी सुधार नगरेमा त्यस्तो विज्ञापन बोर्ड तत्काल हटाउने कारबाही गर्नेछ ।

५. **विज्ञापन बोर्ड राख्न निवेदन दिनु पर्ने :** (१) कुनैपनि बस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि विज्ञापन बोर्ड राख्नु पूर्व विज्ञापनको स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीले आवश्यक कुराहरु खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने निवेदनमा निम्न कुराहरु खुलाइएको हुनु पर्नेछः

(क) विज्ञापन बोर्ड रहने स्थान : वडा, मार्ग, पथ, घर नं. (नजिकको घर नं.) (विभिन्न स्थानहरुमा भए सोको विवरण खुलाउने)

(ख) विज्ञापन बोर्ड रहने घर जग्गाधनीको तीन पुस्ते खुलेको नाम थर र ठेगाना ।

(ग) विज्ञापन बोर्ड सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था फर्म एजेन्सी कम्पनीको नाम, ठेगाना ।

(घ) विज्ञापन बोर्ड आकार, प्रकार, बनौट र प्रकृति ।

(ङ) बोर्ड र विज्ञापन सामग्री राख्ने अवधि ।

(च) तत्काल विज्ञापन गर्ने बस्तुको प्रकृति ।

(छ) विज्ञापन बोर्डको संख्या ।

(ज) अन्य आवश्यक कुराहरु ।

(३) यस दफा बमोजिम दिने निवेदनमा विज्ञापन बोर्ड रहने घर वा जग्गाधनीको धनीपूर्जा वा यस्तै अधिकारपत्र र बहाल सम्झौतापत्र र घरको हकमा नक्सापास प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक कारवाहीको सिलसिलामा उक्त विज्ञापन बोर्डको मापदण्ड र बोर्डको अवस्थिति सम्बन्धमा स्थलगत रुपमै निरीक्षण गरी प्रतिवेदन पेश गर्न कार्यालयले कर्मचारी खटाउने वा वडा अध्यक्षको समन्वयमा वडा कार्यालयबाट कर्मचारी खटाई प्रतिवेदन लिनेछ ।

(५) यसरी विज्ञापन बोर्ड निरीक्षण गर्न खटिएको कर्मचारीले निवेदनमा उल्लेखित बोर्ड यस ऐनको मापदण्ड र अन्य कानूनी शर्त बमोजिम भए, नभएको सम्बन्धमा अध्ययन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । सो प्रतिवेदन माथि आवश्यक निकास लिन प्रमुख प्रशासकीय अधिकृत समक्ष सम्बन्धित शाखाको राय सहित पेश गरी निर्णय भए बमोजिम गर्नु पर्दछ ।

६. **विज्ञापन बोर्डको दर्ता गर्ने :** (१) यस ऐनको दफा ५ बमोजिम पर्न आएका निवेदन उपर कारबाही भई निवदेकको माग बमोजिम विज्ञापन बोर्डको दर्ता गर्न मिल्ने सिफारिस सहितको प्रतिवेदन पेश हुन आएमा अनुसूची २ बमोजिम सम्झौता गरी अनुसूची ३ मा उल्लेखित दररेट अनुसार वार्षिक कर अग्रिम रुपमै असुल गरी बोर्डको दर्ता गरी अनुसूची ५ बमोजिमको विज्ञापन बोर्ड दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ ।

(२) यस दफा बमोजिम विज्ञापन बोर्ड दर्ता गर्दा सभाले तोके बमोजिमको दर्ता शुल्क लाग्नेछ । बोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रतिलिपि प्रमाणपत्र माग गर्न सकिनेछ । यसरी प्रतिलिपि माग भई निवेदन पर्न आएमा शाखामा रहेको रेकर्ड हेरी आर्थिक ऐनले तोकेको दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्षभन्दा कम अवधिको लागि राखिने विज्ञापन बोर्ड तथा सामग्रीको शाखाले दर्ता प्रमाणपत्र छुट्टै नदिई अनुसूची २ बमोजिम सम्बन्धित व्यक्तिलाई सम्झौता पत्र मात्र उपलब्ध गराउन सक्नेछ ।

७. **हाल कायम रहेको विज्ञापन बोर्डहरु नियमित गर्नु पर्ने :** (१) यो ऐन लागू हुँदा राखिएका विज्ञापन सामग्री तथा बोर्डको स्वामित्व भएको व्यक्तिले ३ महिना भित्र यस ऐनको मापदण्ड बमोजिम गर्न गराउन नगरपालिकाले सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र विज्ञापन बोर्ड नियमित नगरेमा तत्काल त्यस्ता विज्ञापन बोर्डमा विज्ञापन सामग्री राख्न नपाउने गरी विज्ञापन स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचीमा राखी त्यस्ता बोर्डहरु तत्काल सात दिन भित्र हटाउन निर्देशन दिनेछ । निजले नहटाएमा कार्यालयबाट हटाइने छ ।

(३) उपदफा (२) बमोजिम कालो सूचीमा राख्नु अघि सम्बन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई सफाईको मौका दिनु पर्नेछ । निजबाट चित्त बुझ्दो जवाफ पेश गर्न नसकेमा शाखाको सिफारिसमा सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचीमा राखी सोको जानकारी नेपाल सरकार, प्रदेश सरकार र नेपाल राज्यका अन्य स्थानीय तहहरुलाई समेत दिइनेछ ।

(४) यस ऐन बमोजिम कालो सूचीमा पर्ने व्यक्ति, फर्म वा कम्पनीले पुनः नगरपालिकाको क्षेत्रमा विज्ञापन गर्न, गराउन पाउने छैन । अनुसूची ३ बमोजिम विज्ञापन कर असूल गरी सम्झौतामा उल्लेखित आकार, प्रकार र बनौटको विज्ञापन बोर्ड वा सामग्री राख्न अनुमति दिनेछ ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आव्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया नगरपालिकाबाट लागू भएका सार्वजनिक निजी साझेदारी नीतिहरु र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

८. **प्रस्ताव आव्हान गर्ने :** (१) नगरपालिकाले सार्वजनिक स्थल, सडकको दायाँबायाँ र सार्वजनिक पार्कको संरक्षण, हरियाली प्रवर्द्धन र बाटिका निर्माण एवं सञ्चालन गरी यस ऐनले तोकेको मापदण्डको अधिनमा रही आवश्यक संख्यामा विज्ञापन सामग्री/बोर्ड राख्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म तथा कम्पनीहरुबाट खुला प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्नु भन्दा अघि शहरी विकास, वातावरण संरक्षण र आय आर्जनलाई मध्यनजर गरी नगरपालिकाको क्षेत्रको सार्वजनिक स्थल, सडक दायाँबायाँको खाली सार्वजनिक स्थल, सार्वजनिक पार्कको सर्वोत्तम विकल्प सहितको उपयोग सम्बन्धमा सम्बन्धित शाखाबाट आवश्यक अध्ययन गरी प्रस्ताव वा आशयपत्र तयार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको अध्ययन, मूल्यांकन एवं विश्लेषण गरी उत्कृष्ट प्रस्तावहरु मध्ये सर्वोत्कृष्ट प्रस्ताव छनौट गर्नु पर्नेछ । यसरी पर्न आएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकनको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा आर्थिक प्रशासन शाखा प्रमुख अनिवार्य सदस्य रहने गरी सम्वद्ध शाखा र सार्वजनिक निजी साझेदारी एकाइको प्रतिनिधि भएको प्रस्ताव अध्ययन तथा मूल्यांकन प्रारम्भिक समिति गठन गर्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार छनौट भएको सर्वोत्कृष्ट प्रस्ताव आवश्यकता अनुसार पुनः मूल्यांकन गरी पेश गर्न बोलपत्र मूल्यांकन समितिमा पठाउन पर्नेछ । यसरी प्रारम्भिक समिति तथा बोलपत्र मूल्यांकन समितिले छनौट गरेको प्रस्तावकसँग नगरपालिकाले सम्झौता

गरी सम्झौतामा उल्लेखित अवधिभर अनुसूची ३ बमोजिम विज्ञापन कर असूल गरी सम्झौतामा उल्लेखित आकार प्रकार र बनौटको विज्ञापन बोर्ड वा सामग्री राख्न अनुमति दिनेछ ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आव्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया नगरपालिकाबाट लागू भएका सार्वजनिक निजी साझेदारी नीतिहरु र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **सोझै प्रस्ताव पेश गर्न सकिने** : (१) कुनै व्यक्ति, फर्म, कम्पनी तथा संघ, संस्थाले नगरपालिकाको क्षेत्र भित्रको कुनै खाली सार्वजनिक स्थान वा सडकको दायाँबायाँको जग्गामा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, बाटिका निर्माण गरी कुनै बस्तुको विज्ञापन गर्ने उद्देश्यले विज्ञापन बोर्ड वा सामग्री राख्ने माग गरी सोझै नगरपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक क्षमता प्रस्तावमा उल्लेख गरिएका सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम प्रस्ताव र उक्त प्रस्तावमा उल्लेखित परियोजनाको लागत र लाभ समेत विश्लेषण गरी नगरपालिकाले त्यस्तो प्रस्ताव छनौट गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव मूल्यांकनको लागि दफा ८ बमोजिम गठित समितिमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सार्वजनिक स्थान प्रवर्द्धन गरे बापत राख्न दिइने विज्ञापन बोर्ड वा विज्ञापन बस्तुमा अनुसूची ३ को दरमा कर लिइने छ ।

(५) (१) र (२) बमोजिम पेश भएको प्रस्तावहरु छनौट गर्न उपयुक्त नभएको भनी राय सहित सिफारिस भएमा उक्त काम खुला प्रस्ताव आव्हान गरी गराउन नगरपालिकाले आवश्यकता ठानेमा यसै ऐन बमोजिम खुला प्रस्ताव आव्हान गर्न सक्नेछ ।

१०. **सडक किनारामा रहेको पोलहरुमा विज्ञापन गर्न सकिने** : (१) शहरी सौन्दर्य, ट्राफिक व्यवस्थापन समेतलाई मध्यनजर गरी नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका विद्युतीय लगायत अन्य किसिमको पोलहरुमा सोझै विज्ञापन गर्न दिने छैन ।

(२) यो ऐन जारी हुनु पूर्व सम्बन्धित निकायको स्वीकृतिमा पोलहरुमा विज्ञापन गर्न दिइएको भए तापनि यस ऐन जारी भएपछि सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा निम्न किसिमका बोर्डहरुमा विज्ञापन गर्न सकिने छ ।

(क) सरकारी सूचना तथा सन्देशहरु समेतको बोर्ड ।

(ख) नगरपालिकाले राख्ने वा राख्न लगाउने सडक नाम उल्लेखित बोर्ड ।

(ग) नगरपालिकाले राख्ने अन्य सूचना तथा सन्देशयुक्त बोर्डहरु ।

(३) सरकारी निकायले सार्वजनिक निजी साझेदारी नीति बमोजिम निजी क्षेत्रमार्फत नगरपालिकाको क्षेत्रमा सडकको दायाँ अवस्थित पोलहरुमा विज्ञापन समेत राख्न पाउने गरी कुनै सूचना वा सन्देशयुक्त बोर्ड निर्माण गर्न अनुमति दिनुअघि नगरपालिकासँग त्यस्ता बोर्डको आकार, प्रकार, बनौट र लाग्ने करको सम्बन्धमा आवश्यक जानकारी एवं सहमति लिनु पर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा राख्न सकिने सूचना सन्देश सहितको विज्ञापन बोर्डको आकार, प्रकार, बनौट र संख्या निम्नानुसार हुनेछ ।

(क) आकार : बढीमा २×३.६ वर्ग फिटसम्म ।

(ख) प्रकार : धातुको पाता (स्टाण्ड सहित) ।

(ग) बनौट : धातुको पाता वा फ्रेममा फ्लेक्स सामग्री ।

(घ) संख्या : प्रति पोल एउटा बोर्ड मात्र राखिएको ।

तर माथि खण्ड (घ) बमोजिम राखिएको विज्ञापन बोर्डमा दुईतर्फ नै विज्ञापन गरेमा नगरपालिकाले दुवैतर्फको विज्ञापन कर यस ऐनमा तोकिएको दररेट अनुसार लगाई असुल गर्नेछ।

(५) यस दफा बमोजिम राख्न दिने विज्ञापन बोर्डमा यस ऐनको अनुसूची ३ बमोजिम कर लगाई असुल गरिने छ।

(६) यस दफा बमोजिम पोल राख्न दिने सन्देश सहितको विज्ञापन बोर्ड राख्ने अन्य प्रकृया माथि दफा ८ र ९ बमोजिम हुनेछ।

## परिच्छेद ४
## विज्ञापन कर संकलन

**११. विज्ञापन कर असूल गर्ने तरिका :** (१) यस ऐनको अनुसूची ३ मा अन्यथा उल्लेखित गरेकोमा बाहेक कुनै पनि किसिमको विज्ञापन बोर्डमा वार्षिक विज्ञापन कर लगाई अग्रिम रुपमै असूल उपर गरिनेछ।

(२) विज्ञापन करको दर अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) कुनै विज्ञापन बोर्ड मा कुनै सूचना वा सन्देश उल्लेख गरी सोको प्रायोजन गरिएकोमा प्रायोजकका विज्ञापन सामग्रीले ओगटेको क्षेत्रफल बराबरको विज्ञापन कर बुझाउनु पर्नेछ।

(४) सरकारी निकाय तथा कर नलाग्ने सामाजिक परोपकारी संस्थाले नगरपालिकाको क्षेत्रमा सूचना वा सन्देशमूलक विज्ञापन राखेको तर सोको प्रायोजन गरेको अवस्थामा यस ऐन बमोजिम प्रायोजकबाट विज्ञापन कर असूल उपर गरिने छ।

(५) नगरपालिकाले विज्ञापन र करको अवस्थानुसार बढीमा तीन वर्षमा नबढाई वार्ताद्वारा पनि विज्ञापन कर संकलन गर्न कुनै फर्म वा कम्पनीसँग सम्झौता गर्न सक्नेछ।

**१२. विज्ञापन कर नलाग्ने :** (१) यस दफा बमोजिम कुनै गैर मुनाफामूलक संस्थाले निःशुल्क रुपमा पोल व्यानर राख्न अनुमति माग गरेमा कर बापतको रकम धरौटी बापत नगरपालिकाको सम्बन्धित शाखामा जम्मा गर्न लगाई अनुमति दिन सकिने छ। तोकिएको निर्देशन पालना नगरी विज्ञापन गरेमा धरौटी रकमबाट कर बापतको रकम कट्टा गरिनेछ।

(२) उपदफा १ बमोजिम राखिएको धरौटी रकम कार्यसम्पन्न सन्तोषजनक भएको प्रतिवेदन प्राप्त भएपछि निवेदकको माग बमोजिम नगरपालिकाले सम्बन्धित संस्थालाई फिर्ता दिनु पर्नेछ।

## परिच्छेद ५
## दण्ड, जरिबाना तथा पुनरावलोकन

**१३. विज्ञापन बोर्ड दर्ता नगरी विज्ञापन गरेमा :** (१) यस ऐन बमोजिम बोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा नगरपालिकाले सात दिनभित्र बोर्ड दर्ता गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिंदा पनि तोकिएको अवधि भित्र विज्ञापन बोर्ड दर्ता नगरेमा लाग्ने करको १० प्रतिशत जरिबाना समेत तिरी एक महिना भित्र बोर्ड दर्ता गर्न कार्यालयले बोर्डको स्वामित्व भएको व्यक्तिलाई पुनः निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम दिइएको थप म्याद भित्र पनि विज्ञापन बोर्ड दर्ता नगरेमा कार्यालयले विज्ञापन सामग्री हटाउने र हटाउन निर्देशन दिनेछ।

**१४. फरक प्रकृतिको विज्ञापन सामग्री विज्ञापन बोर्डमा लगाएमा :** (१) यस ऐन बमोजिम एक प्रकृतिको विज्ञापन सामग्री राख्ने व्यहोरा खुलाई बोर्ड दर्ता गरी नगरपालिकालाई लिखित

जानकारी नै नदिई अर्कै प्रकृतिको विज्ञापन सामग्री बोर्डमा लगाएमा रु.५,०००। (पाँच हजारसम्म) जरीबाना गरी संशोधित प्रकृति अनुसारको थप कर तिर्नुपर्ने भए तिरी नयाँ प्रकृतिको विज्ञापन सामग्री राख्ने अनुमति लिन कार्यालयले सम्बन्धित विज्ञापनको स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन बोर्ड तथा सामग्री जफत गर्ने वा हटाउने छ । उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना नगरेमा कार्यालयले विज्ञापन समाग्री हटाउने वा हटाउन आदेश दिनेछ । यसरी विज्ञापन बस्तु हटाइएकोमा पुनः उक्त स्थानमा अर्को विज्ञापन सामग्री राख्न माग गरेमा विज्ञापनको स्वामित्व भएको व्यक्तिले उपदफा (१) बमोजिम लागेको जरिबाना थप कर तिर्नुपर्ने भए सो समेत शाखामा बुझाउनु पर्नेछ ।

**१५. निषेधित क्षेत्रमा बोर्ड राखेमा :** (१) यस ऐन बमोजिम निषेधित भनी तोकिएका स्थानहरु र सार्वजनिक निजी साझेदारी नीति बमोजिम मात्र विज्ञापन बोर्ड तथा सामग्री राख्न सकिने सार्वजनिक स्थानहरुमा कसैले त्यस्ता बोर्ड तथा प्रचार सामग्री राखेको पाइएमा तत्काल त्यस्तो विज्ञापन बोर्ड तथा सामग्री हटाउन नगरपालिकाले निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले त्यस्ता बोर्ड तथा सामग्रीहरु जफत गर्नेछ ।

**१६. स्वीकृत लिएको आकार प्रकार भन्दा फरक गरी विज्ञापन बोर्ड राखेमा :** (१) यस ऐन बमोजिम विज्ञापन बोर्ड दर्ताको अवस्था निवेदनमा खुलाइएको बोर्डको लम्बाई, चौडाई र बनौटभन्दा फरक किसिमको बोर्ड राखेको कुरा नगरपालिका वा वडाबाट खटिने निरीक्षण टोलीको फिल्ड निरीक्षणबाट देखिएको भए रु.५,०००। (पाँच हजार) जरिबाना लिई थप कर समेत असूल गरी उक्त बोर्डलाई नगरपालिकाले नियमित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड नियमित गर्न नगरपालिकाले विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ । उक्त निर्देशन पालना नगरेमा उक्त बोर्डमा विज्ञापन गर्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

**१७. विज्ञापन बोर्ड दर्ता गर्दा विज्ञापन सामग्री राख्न दिने निवेदनमा झुटो विवरण दिएमा :** यस ऐन बमोजिम विज्ञापन बोर्ड दर्ता तथा विज्ञापन सामग्री राख्ने अनुमति माग गर्ने निवेदनमा झुटा विवरण दिएको कुरा प्रमाणित भएमा नगरपालिकाले निवेदकलाई रु.२,०००। (दुई हजार) जरिबाना लगाई असूल उपर गर्नेछ ।

**१८. विशेष प्रकृतिको मात्र बोर्ड राख्न पाउनेमा अन्य किसिमको बोर्ड राखेमा :** (१) नगरपालिकाले यस ऐनको दफा ३ (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कुनै क्षेत्रको लागि तोकिएको भन्दा फरक किसिमको बोर्ड निर्माण गरेमा उक्त बोर्ड तथा सामग्री ७ दिन भित्र हटाउन सम्बन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन बोर्ड तथा सामग्री जफत गर्ने वा हटाउने छ ।

**१९. दण्ड सजायको पुनरावलोकन सम्बन्धी व्यवस्था :** (१) यस दफा बमोजिम शाखाले गरेको दण्ड सजाय उपर चित्त नबुझ्ने व्यक्तिले दण्ड जरिबानाको जानकारी पाएको मितिले ३० दिनभित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको पुनरावलोकन उपर नगरपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६
## विविध

२०. **विज्ञापन बोर्ड दर्ता प्रमाणपत्र र यसको अभिलेख व्यवस्था :** (१) शाखाले विज्ञापन बोर्ड दर्ताको अभिलेख अनसूची ४ बमोजिमको विज्ञापन बोर्ड दर्ता कितामा राख्नु पर्नेछ ।

(२) विज्ञापन बोर्ड दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(३) विज्ञापन बोर्ड तथा सामग्री राख्ने विज्ञापन स्वामित्व भएको व्यक्तिसँग यस ऐनको अनुसूची २ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

२१. **होर्डिङ बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने :** (१) नगरपालिकाले तोकेको स्थानमा होर्डिङ बोर्ड स्थापना गर्न अनुमति पाएको विज्ञापन बोर्डको स्वामित्व भएको व्यक्तिले उक्त बोर्डको संरचना तयार गर्दा पर्याप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा नगरपालिकाले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोर्डको स्वामित्व भएको व्यक्तिको कर्तव्य हुनेछ ।

२२. **विज्ञापन बोर्ड नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनु पर्ने :** (१) विज्ञापन बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौता पत्र वा करारनामा, ठाउँ सारी गर्ने घरधनीसँगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवै पक्षको रोहवरमा बोर्डको स्वामित्व परिवर्तन सम्बन्धी कारवाही गरी बोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) बोर्डको नामसारी, ठाउँ सारी तथा हटाउने कारवाही गर्दा सेवा शुल्क बापत नगरपालिकाले तोकिएको शुल्क लिनेछ ।

(४) विज्ञापन बोर्डको एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व बोर्डको स्वामित्व भएको व्यक्तिको हुनेछ । बोर्डमा विज्ञापन सामग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुने छैन । सम्बन्धित घर वा जग्गाधनीको नाममा विज्ञापन बस्तुको स्वामित्व भएको व्यक्तिबाटै असूल गर्नेछ ।

२३. **विज्ञापन बोर्डको नवीकरण गर्नु पर्ने :** (१) यस ऐन बमोजिम अनुमति प्राप्त विज्ञापन बोर्डको प्रत्येक वर्षको लागि अग्रिम रुपमा कर तथा अन्य दस्तुरहरु तिरी नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन स्वामित्व भएको व्यक्तिले आफूले राखेका वा राख्न दिएका विज्ञापन बोर्डको कर तिरेको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र नवीकरण गरी सक्नु पर्नेछ । उक्त समयभित्र विज्ञापन बोर्डको नवीकरण नगरिएमा लाग्ने कर रकममा पहिलो महिनाको लागि १० प्रतिशत, दोश्रो महिनाको लागि १५ प्रतिशत र तेश्रो महिनाको लागि २० प्रतिशतका दरले जरिबाना र वार्षिक कर असूल गरी ३ महिनासम्ममा नवीकरण गर्न सकिनेछ । म्याद नाघेको ३ महिनासम्ममा पनि विज्ञापन बोर्ड नवीकरण नगरेमा नगरपालिकाले विज्ञापन बोर्ड वा सामग्री हटाउने वा जफत वा नष्ट गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले कर नतिरी राखेको वा तोकिएको समय भित्र नवीकरण नगरिएका विज्ञापन बोर्ड वा सामग्री हटाउने,

जफत गर्ने वा नष्ट गर्नु अघि बढीमा १५ दिनको सूचना सम्बन्धित विज्ञापन बोर्डको स्वामित्व भएको व्यक्ति फर्म कम्पनीलाई दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम नगरपालिकाले विज्ञापन बोर्ड वा सामग्री नष्ट गरिएको वा हटाइएकोमा विज्ञापन बोर्डको नवीकरण गर्न नगरपालिका समक्ष अनुरोध गरेमा बक्यौता कर र सो करको पचास प्रतिशत एकमुष्ट जरिबाना लिई शाखाले विज्ञापन बोर्डको नवीकरण गरिदिनु पर्नेछ ।

२४. **होर्डिङ बोर्ड बापतको बहाल कर तिर्नु पर्ने :** विज्ञापन बोर्डहरु राख्न दिने घर तथा जग्गाधनीले तिर्नुपर्ने बहाल कर बापतको रकम नगरपालिकाले सम्बन्धित घर वा जग्गाधनीको नाममा विज्ञापन बस्तुको स्वामित्व भएको व्यक्तिबाटै असूल गर्नेछ ।

२५. **परिचय पाटी बापतको कर व्यवसाय करसँग आवद्ध गर्न सकिने :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असूल गर्दाको अवस्थामा परिचय पाटी वा साइन बोर्ड बापतको कर रकम असूल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर असूल गरेपछि परिचय पाटीको विवरण व्यवसाय दर्ता प्रमाणपत्रमा उल्लेख गर्न सकिने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिचय पाटीको छुट्टै दर्ता नवीकरण गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

२६. **बाधा अड्काउ फुकाउन सक्ने :** यस ऐन कार्यान्वयनको सिलसिलामा केही बाधा अड्चन आएमा नगर कार्यपालिकाले व्याख्या गरे बमोजिम हुनेछ ।

२७. **ऐन बमोजिम हुने :** नगरपालिका क्षेत्रभित्र विज्ञापन कर लगाई असुल उपर गर्ने कार्य यसै ऐन बमोजिम हुनेछ ।

२८. **विज्ञापन कर संकलन कार्यमा सहयोग गर्नु पर्ने :** यस ऐन बमोजिम कर लगाई असुल उपर गर्ने कार्यमा आवश्यक सहयोगको लागि राजश्व शाखाले विभिन्न वडा कार्यालय र अन्य शाखाको सहयोग माग गर्न सक्नेछ । यसरी सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

अनुसूची १
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
विज्ञापनको आकार, प्रकार र बनौट

| सि. नं. | विज्ञापन बोर्ड/सामग्रीको प्रकार | विज्ञापन बोर्डको आकार अधिकतम सिमा (वर्ग फिटमा) | विज्ञापन बोर्ड तथा सामग्रीको बनौट |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | २०×४०=८०० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामग्री राख्ने |
| २ | साइन बोर्ड (परिचय पाटी) | ३० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामग्री राखेको । |
| ३ | नियोन बोर्ड | २० × २०=६० सम्म | विद्युतीय तरङ्ग जडित विशेष किसिमको बोर्ड । |
| ४ | ग्लो बोर्ड (विद्युतीय परिचय पाटी) | ३० सम्म | ग्लो बोर्डको स्पेशल बनावट |
| ५ | ट्राई भिजन बोर्ड | २०×३०=६०० सम्म | ट्राइ भिजन स्पेशल बनाबट |
| ६ | स्क्रोलर बोर्ड | १०×१० = १०० सम्म | विद्युतीय माध्यमबाट एकभन्दा बढी विज्ञापन सामग्री प्रचार गर्न |
| ७ | पोल व्यानर | २ ×३ = ६ सम्म | कपडामा लेखिएको वा प्रिन्ट गरिएको । |
| ८ | धातुको अक्षर बोर्ड | ३० सम्म | धातुले अक्षर, शब्द वा चित्र अंकित गरिएको । टाँस गरिएको फ्रेम । |
| ९ | चलचित्र बोर्ड | १०×१०=१०० सम्म | विद्युतीय माध्यमबाट विज्ञापन सामग्री प्रदर्शन गरिने चलचित्र बोर्ड । |

३० वर्ग फिटभन्दा बढीको साइन बोर्डलाई कर प्रयोजनका लागि होर्डिङ बोर्डको रुपमा लिइने छ ।

अनुसूची २
(दफा ६ (१) सँग सम्बन्धित)
विज्ञापन सम्झौता पत्र

व्यास नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिएको र .............................. (यसपछि "द्वितीय पक्ष") बीच व्यास नगरपालिका वडा नं. ....... मार्ग ........ टोलको ..................... नम्बरको घरधनी श्री ................................ को भवन/जग्गामा ............................ बस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं ।

शर्तहरु :

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन बोर्ड/सामग्री द्वितीय पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ । स्वीकृति पश्चात विज्ञापन परिचय पाटी/होर्डिङ बोर्ड/अन्य बोर्डको आकार उचाईको हुनेछ । ............. चौडाई. ......... लम्बाई ................. उचाईको हुनेछ । जम्मा ............ वर्ग फिटले मिति................... देखि .................. सम्म ........ वर्षको प्रति वर्ग फिट रु. .................... ले जम्मा रु. .................. द्वितीय पक्षले प्रथम पक्षलाई ............................ मितिमा बुझाउनु पर्नेछ ।

२. द्वितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिंदाको बखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउने छ । स्वीकृत विज्ञापन बाहेक अन्य विवरणको विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नु परेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनु पर्नेछ ।

३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा द्वितीय पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ । तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षले लिखित निर्देशन दिनु पर्नेछ ।

४. द्वितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई शुल्क तिरिसकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा द्वितीय पक्षले सो विज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहीले द्वितीय पक्षलाई रकम फिर्ता गर्नेछ ।

५. विज्ञापन बोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नु पर्नेछ ।

६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

७. द्वितीय पक्षले स्वीकृत प्राप्त गरी विज्ञापन राखी सकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोहि अनुसार द्वितीय पक्षले प्रथम पक्षलाई कर बुझाउनु पर्नेछ ।

८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन बोर्डको कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृत दिइएको स्थान र मापदण्डभन्दा फरक पर्न गएमा सो होर्डिङबोर्ड तत्काल हटाउने वा जरिबाना गर्ने वा दुवै गर्न सक्नेछ ।

९. नगरपालिकाबाट प्राप्त सांकेतिक चिन्ह तथा बोर्डको दर्ता नम्बर बोर्ड मै देखिने गरी माथिल्लो भागमा सुरक्षित ढंगले राख्ने सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

१०. होर्डिङ्ग बोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्वन्धी नगरपालिकाले जारी गर्ने नीतिगत व्यवस्था अनुसार बोर्ड हटाउन वा आकार, प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको आदेश निर्देशन पालना गर्न द्वितीय पक्ष मञ्जुर गर्दछ । यसो गर्दा असुल भइसकेको विज्ञापन कर विज्ञापनदाताले तिर्नुपर्ने कर दायित्वमा समायोजन गरिने छ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समय भित्र नवीकरण गर्नु पर्नेछ । अन्यथा प्रथम पक्षले विज्ञापन कर ऐन बमोजिम आवश्यक कारवाही अगाडि बढाउने छ ।

<u>नगरपालिकाको तर्फबाट</u>
नाम थर :
हस्ताक्षर :
पद :
छाप :

<u>विज्ञापनकर्ता र एजेन्सीको तर्फबाट</u>
नाम थर :
हस्ताक्षर :
पद :
बाबुको नाम :
नागरिकता नं र जारी जिल्ला :
(व्यक्तिको हकमा)
फर्म वा कम्पनीको नाम :
छाप :

**साक्षीहरु :**

१) नाम थर :

हस्ताक्षर :

पद :

२) नाम थर :

हस्ताक्षर :

पद :

**साक्षीहरु :**

१) नाम, थर :

हस्ताक्षर :

ठेगाना :

२) नाम, थर :

हस्ताक्षर :

ठेगाना :

सम्वत् .................. साल .........महिना .......गते ...........रोज शुभम् ।

अनुसूची ३
(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)
विज्ञापन करको दर

| सि.नं. | विज्ञापनको किसिम | विज्ञापन दर रु. (प्रति वर्ग फिट) | मदिरा सूर्तीजन्य विज्ञापन दर रु. |
|---|---|---|---|
| १ | परिचय पाटी/साइन बोर्ड | प्रति वर्ग फिट २०। | ५०। |
| २ | होर्डिङ्ग बोर्ड (विज्ञापन पाटी) | प्रति वर्ग फिट १०। | २०। |
| ३ | नियोनसाइन बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ४ | ग्लोसाइन (विद्युतीय) बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ५ | चलचित्र बोर्ड | प्रति वर्ग फिट २०। | ४० |
| ६ | त्रिभिजन बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ७ | स्क्रोरल भिजन बोर्ड | प्रति वर्ग फिट २०। | ४० |
| ८ | ब्यानर/फिल्मी पोष्टर | प्रति वर्ग फिट २०। | ४०। |
| ९ | आकाशे बेलुन | १००। | २००। |
| १० | व्यवसायिक भवन प्रवेशद्वार विज्ञापन गेट | ५००। | १,०००। |
| ११ | गाडीमा बोकी विज्ञापन | २००। | ४००। |
| १२ | स्टल | ५००। | १,०००। |
| १३ | व्याग प्याग | २००। | ४००। |
| १४ | वाकिंग बेलुन | २००। | ४००। |
| १५ | पोल व्यानर | १००। | २००। |
| १६ | जात्रा मेला खेलकुद विज्ञापन | १,०००। | २,०००। |
| १७ | सटर पेन्टिङ्ग | १,०००। | २,०००। |
| १८ | डि.पि.एस. बोर्ड | १,०००। | २,०००। |
| १९ | लाइट बोर्ड | १,०००। | २,०००। |
| २० | डिजिटल होर्डिङ्ग बोर्ड | १,०००। | २,०००। |
| २१ | व्यानर (बढीमा २ हप्ता) सम्म प्रतिदिन | २००। | |
| २२ | रोडक्रस गेट (बढीमा २ हप्ता) सम्म प्रतिदिन | २००। | |
| २३ | एल.इ.डि. भिडियो बोर्ड प्रति वर्ग फिट | ८००। | |
| २४ | भित्ते लेखन प्रति वर्ग फिट | २५। | |
| २५ | वास्तविक वस्तुको प्रदर्शन प्रति वस्तु/प्रति दिन | १००।/२००। | |
| २६ | अनुमति नलिई राखिएको विज्ञापन लाग्ने रकम मा २० प्रतिशत थप | | |
| २७ | अन्य उल्लेख नभएको हकमा सार्वजनिक स्थानमा राखिएको थप २० प्रतिशत | | |

अनुसूची ४
(दफा २० को उपदफा (१) सँग सम्बन्धित)
<u>दर्ता किताब</u>

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ

विज्ञापन बोर्ड दर्ता नं. : (वडा/द. नं./साल ..................................

१. विज्ञापन रहने घर तथा जग्गाधनीको नाम :

२. विज्ञापन रहने स्थानः-.......वडा ..... घर नं. ............ मार्ग/पथ सडक ..........

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नाम : ........

४. विज्ञापन बोर्डको आकार, प्रकार र बनौट :
(क) आकार : .............. लम्बाई ............... चौडाई ............... वर्ग फिट
ख) विज्ञापन बोर्डको प्रकार : होर्डिङ बोर्ड/होडिङ बोर्ड साना/साइन बोर्ड/ग्लो बोर्ड/त्रिभिजन बोर्ड ......................
ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगाना :

६. विज्ञापन बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :

| सि.नं. | साविकवालाको नाम, थर र ठेगाना | हालवालाको नाम, थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

७. दर्ता/नवीकरणको अद्यावधिक तालिका :

| दर्ता/ नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नाम | कर असूल भएको अवधि | कर असूली रकम | र.नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूची ५
(दफा २० को उपदफा (२) सँग सम्बन्धित)
दर्ता प्रमाण-पत्र

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
(मुख पृष्ठ)

दर्ता मितिः ..............................
प्रमाण पत्र नं. ...........................
वडा नं. ........ मार्ग ........... घर नं. ........... बस्ने श्री ............................. लाई विज्ञापन कर ऐन, २०७४ बमोजिम निम्न उल्लेखित अनुसार समय समयमा नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापन कर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण पत्र दिइएको छ।

**विज्ञापन बोर्डको विवरण :**
१. विज्ञापन रहने घर तथा जग्गाधनीको नाम : ..................................
२. विज्ञापन रहने स्थानः .......... वडा ..... घर नं. ...... मार्ग/पथ/सडक ..........
३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नाम : ...........
४. विज्ञापन बोर्डको आकार, प्रकार र बनौट :
(क) आकार : .......... लम्बाई ..............चौडाई ..................... वर्ग फिट
(ख) विज्ञापन बोर्डको प्रकार : होर्डिङ बोर्ड/होडिङ बोर्ड साना/साइन बोर्ड/ग्लोबोर्ड/त्रिभिजन बोर्ड ....................
(ग) बनौट
५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर : ..................................
६. विज्ञापन स्वामित्व भएको व्यक्तिको ठेगाना : .............................
७. विज्ञापन बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :

| क्र.सं. | साविकवालाको नाम, थर र ठेगाना | हालवालाको नाम, थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

..........................
विज्ञापन स्वामित्व भएको व्यक्तिको हस्ताक्षर

...................
राजश्व शाखा प्रमुखको हस्ताक्षर

**शर्तहरुः**
१. सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिक वर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागि अग्रिम रुपमा कर बुझाउनु पर्नेछ।
२. होर्डिङ बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।
३. विज्ञापन बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यालयको पूर्व स्वीकृति लिई हटाउन सकिने छ।

(पछिल्लो पृष्ठ)

विज्ञापन बोर्ड दर्ता नवीकरण तालिका :

| दर्ता/ नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नाम | कर असूल भएको अवधि | कर असूली रकम | र.नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले
गंगालाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत